# प्रभु येशू ख्रीष्टले मेरो निम्ति के गर्न सक्नुहुन्छ ?

आदरणीय पाठक मित्र, तपाईंले निम्न प्रश्नहरूका जवाफहरू आफ्नो सुविधा अनुसार ईमेलमा एटेच गरी वा हुलाको माध्यमद्वारा हाम्रो ठेगानामा प्रेशित गर्नसक्नु हुनेछ ।

# दोस्रो भाग (पाठ ५-७)

# पाठ ५

## दुईजना महासभाका सदस्य, एकजना अपराधी र एकजना मृत्यु-दण्ड दिने कप्तान

प्रभु येशूले भन्नुभयो : "म पृथ्वीदेखि माथि उचालिएँ भने सबै मानिसहरूलाई म आफूतिर खिँच्नेछु ।" बितेको जीवनमा प्रभु येशूले आफ्नो सेवाकाईद्वारा मानिसहरूलाई ठूलो प्रभाव पार्नुभएको थियो । तर आफ्नो मृत्युद्वारा उहाँले झन् ठूलो प्रभाव पार्नुभयो । क्रूसमा चढ़िने बेला प्रभु येशूले केही मानिसहरूलाई के-के गर्नुभयो, सो कुरा हामी यस पाठमा सिक्नेछौं ।

### क - दुईजना महासभाको सदस्य

प्रभु येशूलाई मृत्यु - दण्ड दिन खोज्ने मानसिहरू प्रायः यहूदी-धर्मका गुरूजन र पूजाहारीहरू थिए । तिनीहरूमध्ये कतिजना यहूदीहरूको महासभाका सदस्य थिए । तर महासभाका सबै सदस्यहरू प्रभुको मृत्युमा सहमत दिएनन् । यस महासभाका दुईजनाचाहिँ प्रभु येशूका गुप्त चेलाहरू थिए । प्रभु येशू जिउँदो होउन्जेल तिनीहरू प्रभु येशूमाथि विश्वास गरेका थिए, तर आफ्नो विश्वास तिनीहरूले मानिसहरूको सामु स्वीकार गर्न डराए । तर प्रभु येशूले क्रूसमादुःख सहनुभएपछि उहाँको दुःखबाट प्रभावित भई तिनीहरूले साहससित प्रभु येशूलाई स्वीकार गरे । हाम्रा निम्ति दुःख सहनुदेखि प्रभु येशू लजाउनुभएन भने के हामी उहाँको निम्ति दुःख भोग्नुदेखि डराऔं वा लाज मानौं ? अरू मानिसहरूको सामु प्रभु येशूलार्य आफ्ना प्रभु र मुक्तिदाताको रूपमा स्वीकार गर्न हामी प्रभुका विश्वासीहरू सधैं तयार होऔं ।

### १) अरिमथियाको यूसुफ  लूका २३:५०-५१; यूहन्ना १९:३८; मर्कूश १५:४३ र ४६

क) यूसुफको दर्जा के थियो ? (लूका २३:५०-५१) (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) तिनी कस्तो किसिमको मानिस थिए ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ग) प्रभु येशूलाई मार्ने सल्लाहमा तिनको राय के थियो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

घ) तिनी केको बाटो हेरिरहेका थिए ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

# प्रभु येशू ख्रीष्टले मेरो निम्ति के गर्न सक्नुहुन्छ ?

ङ) यूसुफ किन प्रभु येशूको गुप्त चेला भई बसेका थिए ? (यूहन्ना १९:३८) (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

च) प्रभु येशूले आफ्नो प्राण त्याग्नुभएपछि तिनले कुन साहसी काम गरे ? (मर्कूश १५:४३) (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

छ) प्रभु येशूको निम्ति यूसुफले कुन-कुन सेवा गरे ?(मर्कूश १५:४६) (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)
अ)
आ)
इ)
ई)
उ)

## २) निकोदेमस यूहन्ना ३:२-३; ३:७; ३:१४-१५; ७:५०-५१; १९:३९

क) निकोदेमसले पहिलोपल्ट प्रभु येशूलाई गुप्त रूपले भेटे । कुन बेलामा तिनले उहाँलाई भेट गरे ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) प्रभु येशूले निकोदेमसलाई कुन कुरा दुईपल्ट दोहोराएर भन्नुभयो ? (यूहन्ना ३:३ र ७) (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ग) आफ्नो मृत्युको विषयमा प्रभु येशूले तिनलाई के भन्नुभएको थियो ? (यूहन्ना ३:१४-१५) (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

घ) प्रभु येशूको मृत्युबाट मानिसहरूलाई केकस्तो लाभ मिल्नेछ ? उहाँले त्यसको बारेमा तिनलाई के भन्नुभयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ङ) प्रभु येशूको न्याय हुँदा उहाँको पक्षमा निकोदेमसले के भने ? (यूहन्ना ७:५०-५१) (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

च) प्रभु येशू क्रूसमा मर्नुभएपछि निकोदेमसले आफ्नो विश्वास कसरी प्रकट गरे ? प्रभुलाई गाड्नको निम्ति उनले के ल्याए ? (यूहन्ना १९:३९) (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

मुख्य विचार

प्रभु येशूप्रति हाम्रो विश्वास गुप्त राख्ने धेरै किसिमका परीक्षाहरू हामीमाथि आइपर्न सक्छन् । तर प्रभु येशूको इच्छा र आज्ञाअनुसार हामी उहाँलाई खुल्ला रूपले स्वीकार गरौं । अरिमथियाको यूससफ र निकोदेमसको जीवनबाट यो कुरा स्पष्ट भएको छ । प्रभु येशूले क्रूसमा हाम्रा निम्ति सहनुभएका दु:खहरूबाट प्रेरणा पाएर हामीले आफ्नो मनबाट मानिसको डर हटाइदिऔं ।

# प्रभु येशू ख्रीष्टले मेरो निम्ति के गर्न सक्नुहुन्छ ?

मत्ती १०:३२ पद कण्ठस्थ गर्नुहोस् । त्यसपछि तपाईंले यो पद जस्तो सम्झनुहुन्छ, त्यस्तै तल टाइप गर्नुहोला ।

## ख - एकजना अपराधी   लूका २३ : ३२ - ४३

सबभन्दा असल मानिसहरूलाई पापको क्षमा पाउनु आवश्यक छ । यसो हो भने दुष्ट अपराधीको निम्ति पापको क्षमा पाउनु झन् बढ़ता गरी खाँचो छ । के यस्तो अपराधीलाई पापको क्षमा पाउनु सम्भव छ ? जुन मानिसलाई देशको कानुनअनुसार मृत्यु-दण्ड दिने सजायको फैसला भइसकेको छ, त्यस मानिसले केवल एउटै काम गर्न सक्छ : नम्र भई त्यो गएर राजाबाट कृपा मागेर क्षमादान प्राप्त गर्नसक्छ । ठीक त्यस्ते प्रभु येशू पश्चात्ताप गर्ने अपराधीप्रति कृपावान् हुनुहुन्छ र उसलाई सबै पाप क्षमा गर्न तयार हुनुहुन्छ, साथै उहाँले उसलाई स्वर्गमा, आफ्नो राज्यमा पस्ने अनुमति दिनुहुन्छ भन्ने कुरा हामी यहाँ यस खण्डबाट सिक्न सक्छौं ।

१) क) प्रभु येशूसित को-को क्रूसमा टाँगिन लगिए ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) तिनीहरूले यि मानिसहरूलाई प्रभुको कुन-कुनपट्टि क्रूसमा टाँगे ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

२) सबै मानिसहरू पापका दास हुन् । यसैले तिनीहरू आत्मिक हिसाबले अन्धा भएका छन् र सत्यता देख्न सक्दैनन् । मानिसहरूले प्रभु येशूलाई, महिमाका प्रभुलाई चिनेनन् । तिनीहरूले उहाँलाई खिसी गरे, उहाँलाई झूटा दोष र निन्दाहरू लगाए, उहाँको मुखमा थुके र थप्पड लगाए, उहाँलाइए शीरमा हिर्काए र काँड़ाको मुकुट पहिऱ्याए, उहाँलाई कोर्रा लगाए, र अन्तमा उहाँलाई अपराधीलाईझैं क्रूसमा टाँगे । तर निर्दोष भइ उहाँले त हाम्रै पापहरूको खातिर क्रूसका सबै दु:ख सहनुभयो ।

क) जब मानिसहरूले प्रभु येशूलाई क्रूसमा टाँगे, तब उहाँले के गर्नुभयो ? (ठीक जवाफमुनि धर्का तान्नुहोस् ।)
अ) उहाँले ती मानिसहरूलाई श्राउ दिनुभयो वा
आ) उहाँले ती मानिसहरूको निम्ति प्रार्थना गर्नुभयो वा
ई उहाँले सहायता पाउनको निम्ति पिता परमेश्वरलाई पुकार्नुभयो

ख) क्रूसमा टाँगिनुभएको बेलामा उहाँले के भन्नुभयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

३) प्रभु येशूसित आफूलाई बचाउने शक्ति थियो । तर उहाँले अरूलाई बचउनको निम्ति क्रूसको मृत्यु नै रोज्नुभयो । प्रभु येशू तपाईं र मेरो निम्ति मर्नुभयो ।
क) ती शासकहरूले प्रभु येशूलाई के भनेर गिज्याए ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) यहूदी-जातिमाथि शासन गर्ने रोमी बड़ा हाकिमले प्रभु येशूको क्रूसको मास्तिर एउटा दोष-पत्र लगाए । त्यसमा के लेखिएको थियो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ग) कस-कसले प्रभु येशूलाई गिज्याएर गिल्ला गरे ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)
अ)
आ)
इ)

# प्रभु येशू ख्रीष्टले मेरो निम्ति के गर्न सक्नुहुन्छ ?

४) मृत्युको मुखमा पुगेको एकजना अपराधीले परमेश्वरको डर मान्दैनथ्यो । त्यसले आफ्ना पापको निम्ति अफसोस गरेन । भागेर बाँच्नु र आफ्नो पूरानो चालमा हिँड्नु त्यसको एउटा मात्र विचार थियो । प्रभु येशू त्यसको नजिकै हुनुभए तापनि त्यसको मन पग्लेन । तयो अपराधी पापको क्षमा नपाईकननै आफ्नै पापमै मऱ्यो ।

क) क्षमा नमाग्ने अपराधीले प्रभु येशूलाई के भन्यो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) के भनेर अर्को अपराधीले त्यसलाई हकाऱ्यो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

५) अर्को अपारधीचाहिँ परमेश्वरदेखि डराउँथ्यो । उसले साँचो गरी पश्चात्ताप गरेर आफ्ना पापको क्षमा पाउन चाहन्थ्यो । प्रभु येशूले धर्यसाथ आफ्ना दुःख सहनुहुँदा उसले ध्यानपूर्वक उहाँलाई हेरिरह्यो । प्रभुलाई हेर्दा-हेर्दै उसको मन दुःखित भयो । प्रभु येशूले आफूलाई यसरी अन्याय गरेर निर्दय व्यवहार देखाउनेहरूको निम्ति प्रार्थना गर्नुभएको सुनेर छक्क पऱ्यो । उसले प्रभु येशूमा मानिसहरूप्रति, अँ, आफैप्रति परमेश्वरको महान् प्रेम देख्यो । प्रभु येशू नै परमेश्वरले पठाउनुभएको मुक्तिदाता हुनुहुँदोरहेछ भन्ने थाहा पाएर उसले प्रभु येशूमाथि मनमा विश्वास राखे । उसले प्रभुको निगाह पाउने आशा लिई उहाँलाइ पुकाऱ्यो र पापको क्षमा पायो ।

क) उसले आफ्नो दोष मानिलियो । आफ्नो दुःखको बारेमा उसले के भन्यो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) प्रभु येशू धर्मी जन हुनुहुन्छ र निर्दोषी भई क्रूसमा टाँगिनुभयो भन्ने कुरा उसले थाहा गऱ्यो । प्रभु येशूको विषयमा उसले के भन्यो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ग) प्रभु येशू अब चाँड़ै आफ्नो राज्यमा जाँदै हुनुहुन्छ भन्ने कुरा बुझेर उसले अन्तिम मौका छोपेर प्रभुको निगाह पाउने विन्ती चढ़ायो । उसले प्रभु येशूलाई के भन्यो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

घ) परमेश्वरको ठूलो निगाहअनुसार उसले प्रभु येशूबाट पापको क्षमा पायो । यसरी यस अपाराधीले परमेश्वरको राज्यमा पस्ने हक पायो । केही घण्टा उसले अब संसारमा रही क्रूसमा प्रभुसित दुःख सहनुपऱ्यो । तर थोरै समयपछि उसले प्रभु येशूसित सदाको निम्ति स्वर्ग-लोकमा आनन्द पाउन सक्यो । यस पश्चात्ताप गर्ने अपराधीलाई प्रभु येशूले कुन प्रतिज्ञा गर्नुभयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

## मुख्य प्रश्न :

एउटा अपराधीले पापको क्षमा पाया र अको् अपाराधीले पाएनन्; किन यस्तो भयो ? आफ्ना शब्दमा लेखुहोस् ।

## ग-एकजना मृत्यु-दण्ड दिने व्यक्ति मर्कूश १५ : १६-२४, ३३-३९

सिपाहीहरू क्रूर र निर्दयी मानिसहरू थिए । मानिसहरूलाई दुःख दिनु, जबरजस्ती तिनीहरूको सम्पत्ति लुट्नु र कुनै प्रकारले कमजोर मानिसहरूबाट फाइदा उठाउनुदेखि तिनीहरू डराएनन् । तिनीहरूमध्ये धेरैको ध्यान परमेश्वरको भक्ति वा मानिसहरूको भलाइ गर्नुतिर होइन, तर मोज गर्नु, अरूलाई ठट्टामा उड़ाउनु र खेल लड़ाइँमा आफ्नो बल देखाएर नाम कमाउनुतिर लगाएको थियो । दया-माया भन्ने कुरा तिनीहरूले जान्दैनथे । प्रभु येशूले तिनीहरूमध्ये एकजनाको जीवन कसरी बदली गर्नुभयो, सो अब हामी हेरौं ।

१) प्रभु येशू एक शुद्ध, पापबिनाको जीवन बिताउनुहुन्थ्यो, र उहाँको स्वभाव अति दयालु थियो । तर क्रूसमा सिपाहीहरूले बिनाकारण उहहाँको खिसी गरे । उनीहरूले जस्तै आजभोलि धेरै मानिसहरूले पनि गर्दछन् । जे कुरा शुद्ध छ, जे कुरा असल र सत्य छ, जे कुरा आदर पाउनु वा डर राख्नुको योग्यको छ, त्यही कुरा तिनीहरूले हाँसोमा उड़ाउँछन् । तिनीहरू

# प्रभु येशू ख्रीष्टले मेरो निम्ति के गर्न सक्नुहुन्छ ?

अत्याचार वा फोहोर र घिनलाग्दा कुराहरू देखेर रमाउँछन् । तब के उहिलेका यी कठोर सिपाहीजस्तै आजभोलिका मानिसहरू होइनन् र ?

क) सिपाहीहरूले प्रभु येशूलाइ कहाँ लगे ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) तिनीहरूले अरू कसलाई भेला गराए ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ग) कुन दुईटा थोक तिनीहरूले प्रभु येशूलाई पहिऱ्याए ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

अ)

आ)

घ) प्रभु येशूलाई के भनेर तिनीहरूले उहाँलाइ गिज्याए ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ङ) अरू कुन-कुन कुरा गरेर तिनीहरूले प्रभु येशूप्रति कु-व्यवहार देखाए ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

अ)

आ)

च) प्रभु येशूलाई ठट्टामा उड़ाएपछि तिनीहरूले उहाँसित अरू के-के गरे ?

अ)

आ)

ई)

२) दिउसो बाह्र बजेदेखि तीन घण्टासम्म सारा देशभरि घोर अन्धकारले छोएको थियो । यस्तो कहिल्यै भएको थिएन । तर त्यसबेला यस अन्धकारभन्दा प्रभु येशूको जीवन झन् अँध्यारो थियो; किनभने उहाँले सारा संसारका पापहरू बोक्नुभएको कारणले परमेश्वर पिताले उहाँबाट आफ्नो मुख फर्कानुभएको र आफ्नो क्रोध उहाँमाथि खन्यानुभएको थियो । हाम्रो खातिर प्रभु येशूले आफ्नो पिताले प्रेमिलो सङ्गतबाट काटिएको अनुवभ गर्नुपऱ्यो । यो सहन उहाँको पवित्र मनको अति गाह्रो थियो । यसो विचार गर्दाखेरि हामी पापी मानिसप्रति उहाँको प्रेम कति ठूलो थियो ? तपाईं एकक्षण विचार गर्नुहोस् । (पद ३३-३९)

क) दोपहरदेखि तेस्रो पहरसम्म अर्थात् बाह्र बजेदेखि तीन बजेसम्म के भयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) अनि तेस्रो पहरमा येशू ठूलो सोरले कराउनुभयो :“एलोई, एलोई, लामा सबकथनी ?” यसको अर्थ के हो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ग) वरिपरि उभिरहेकामध्ये कुनै-कुनैले यो सुने के भने ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

३) प्रभु येशूलाई क्रूसमा चढ़ाउने जिम्मा बोक्ने रोमी सरकारको कप्तानले आफ्नो जीवनकालमा धेरै मानिसहरूलाई मरेका देखेका थिए । तर तिनले प्रभु येशूजस्तै उत्तम व्यक्तिको मृत्यु कहिल्यै देखेका थिएनन् । तिनका सिपाहीहरूले येशूलाई क्रूसमा टाँगेर उहाँलाई गिल्ला गरेका थिए, तर उहाँले तिनीहरूलाई जवाफमा केही नराम्रो शब्द भन्नुभएन । जब प्रभु

# प्रभु येशू ख्रीष्टले मेरो निम्ति के गर्न सक्नुहुन्छ ?

येशूले बोल्नुभयो, तब उहाँले आफ्नो पिता परमेश्वरसँग विन्ती चढ़ाउनुभयो । यस विन्तीमा परमेश्वरमाथि उहाँको भरोसा र मानिसहरूप्रति उहाँको ठूलो दया प्रकट भयो । ठूलो सोरले कराएर प्रभु येशूले आफ्नो प्राण त्याग्नुभयो । यसो हेर्दा यो उहाँको हारको घड़ी थियो । तर वास्तवमा प्रभु येशू परमेश्वरको इच्छाअनुसार क्रूसमा विजयी हुनुहभयो र मुक्तिको ढोका खोलेर संसारमा आफ्नो काम सिध्याउनुभयो । यसैले उहाँले आफ्ने आत्मा परमेश्वरको हातमा सुम्पनुभयो, जसले उहाँलार्य तीन दिनपछि मरेकाहरूबाट फेरि जिउँदो पार्नुभयो । प्रभुको मृत्युको जम्मै घटना आफ्नै आँखाले देखेर ती रोमी सरकारको कप्तानले विश्वास गरेर प्रभु येशूलाई स्वीकार गरे ।

क) चर्को सोरले कराएपछि प्रभु येशूले के गर्नुभयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) प्रभु येशूलाई यसरी मर्नुभएको देखेर यी कप्तानले के भने ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

## मुख्य प्रश्न :

प्रभु येशू तपाईंको निम्ति क्रूसमा यति दुःख सहेर मर्नुभएको देखेर कुन कुराले तपाईंलाई घत् लाग्यो ? आफ्ना शब्दमा लेख्नुहोस् ।

## आउने पाठहरूको विषयमा सूचना :

अहिलेसम्म यी पहिले ५ पाठहरूमा यस संसारमा हुनुहुँदा प्रभु येशूले मानिसहरूको निम्ति गर्नुभएका केही अचम्मका कामहरूको बारेमा हामीले अध्ययन गर्‍यौं । अब यस शिक्षक्रमका बाँकी ५ पाठहरूमा उहाँ स्वर्गमा परमेश्वरको दाहिनेतर्फ बस्नुभएपछि उहाँले आफ्ना चेलाहरूद्वारा गर्नुभएका केही कामहरूको विषयमा हामी अध्ययन गर्नेछौं ।

# पाठ ६

## पेन्टेकोष्टको दिन प्रेरित पत्रुस

अब बाँकी पाँच पाठहरू हामी प्रेरितहरूका काम नामक पुस्तकबाट अध्ययन गर्नेछौं । यो एक चाखलाग्दो किताब हो । यलाई शुरूदेखि अन्तसम्म पढ्नु लाभदायक छ । स्वर्गमा गइसकेपछि प्रभु येशूले आफ्ना चेलाहरूद्वारा कस्ता-कस्ता अचम्मका कामहरू गर्नुभयो, यसको विवरण यस पुस्तकमा दिइउको छ । हालैको पाठमा पेन्टेकोष्टको दिनमा प्रभुका चेलाहरूले पाएको पवित्र दान र शिमोन पत्रुसले प्रभु येशूको निम्ति साहससित गवाही दिएको कुरा हामी हेर्नेछौं ।

## क - पिता परमेश्वरले प्रतिज्ञा गर्नुभएको पवित्र आत्मा प्रेरित १:१-१४

प्रभु येशू आफै स्वर्गतिर फर्कनुभन्दा अघि आफ्ना चेलाहरूलाई पवित्र आत्मा पठाउनेछ भनी प्रतिज्ञा गरेर यसको बारेमा उनीहरूलाई धेरै कुरा बताउनुभएको थियो । यस संसारमा हुँदाखेरि प्रभु येशू उनीहरूको अगुवा र गुरू हुनुहुन्थ्यो । तर उहाँ स्वर्ग जानुभएपछि कसले उनीहरूलाइ अगुवाई गर्छ ? कसले उनीहरूलाई सिकाउँछ र प्रभुले सिकायनुभएका वचन याद दिलाउँछ ? आफ्नो सट्टामा प्रभु येशूले यही कामको निम्ति पवित्र आत्मालाई पठाउनुभयो । पवित्र आत्मा प्रभुको हरेक विश्वासीको हृदयभित्र सधैंको निम्ति वास गर्नुहुन्छ र प्रभु येशूका चेलाहरूका साथमा शान्तिदाताको रूपमा रहनुहुन्छ ।

१) प्रभु येशूले स्वर्गरोहण हुनुभन्दा अघि आफ्ना चेलाहरूलाई कुन आज्ञा दिनुभयो ? (प्रेरित १:१-४) (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

२) थोरै दिनपछि के हुनेछ ? प्रभु येशूले चेलाहरूलाई के भन्नुभयो ? (प्रेरित १:५)(कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

# प्रभु येशू ख्रीष्टले मेरो निम्ति के गर्न सक्नुहुन्छ ?

३) मेरा चेलाहरू आफ्नो शक्तिले पापको विरोधमा लड्न, साथै मेरा निम्ति बल्दा साक्षी बन्न सक्दैनन् भन्ने कुरा प्रभुले जान्नुभएको थियो । परमेश्वरको सेवा गर्न उनीहरूलाईआत्मिक शक्तिको आवश्यक पर्थ्यो । (प्रेरित १:८)
क) प्रभुका चेलाहरूलाई यो शक्ति दिन को आउन लागेको थियो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) प्रभु येशूले उनीहरूलाई के बनाउनुहुनेछ ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ग) उनीहरू कुन-कुन ठाउँमा प्रभुको साक्षी हुनेछन् ?(कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

४) पवित्र आत्माको प्रतिज्ञाबाहेक प्रभु येशूले आफ्ना चेलाहरूलाई अर्को प्रतिज्ञा गरेर उत्साह दिनुभयो । उनीहरूले उहाँलाई यस युगको अन्तमा फेरि देख्न पाउनेछन् । संसारबाट शैता र त्यसकोपछि लाग्नेहरूलाई धपाउन र आफ्नो राज्य स्थापित गर्नको निम्ति प्रभु येशू ठूलो शक्ति महिमाको साथ फेरि संसारमा आउनुहुनेछ । क्रूसमा मरेर प्रभु येशू ख्रीष्टले मुक्ति दिने प्रबन्ध तयार गर्नुभयो । यो काम सिद्धियो । अब पवित्र आत्माको शक्तिमा सारा संसारभरि नै प्रभु येशूको यस महान् मुक्ति ल्याउने कामको प्रचार गरिँदैछ । प्रभु येशूको नाममा पापको क्षमा छ । उहाँको नाम पुकार्ने हरेकले मुक्ति पाउनेछ । यस अनुग्रहको समय चलिरहेको छ । तपाईंको कानमा प्रभु येशूको सत्य वचन अर्थात् मुक्ति दिने सुसमाचार पुगेको छ । विश्वास गर्ने जिम्मा परमेश्वरले तपाईंको हातमा सुम्पनुभएको छ । यस अनुग्रहको समय सिद्धिनेछ । कुनै दिन मुक्तिको ढोका बन्द गरिने छ । तब विश्वास गर्नु ढिला हुनेछ । प्रभु येशू फेरि आउनुहुनेछ । उहाँमाथि विश्वास गर्नेहरूको ठूलो आशा यही हो । जब प्रभु येशू स्वर्गतिर जानुभयो, तब ती स्वर्गदूतहरूले प्रभुका चेलाहरूलाई के समाचार दिए ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

५) पत्रुस, यूहन्ना र अरू चेलाहरूले ती दिनहरू कसरी बिताए ? (प्रेरित १:१२-१४) (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

## ख - पेन्टेकोष्टको दिन प्रेरित २ : १ - २१

प्रभु येशूले आफ्ना चेलाहरूसि गर्नुभएको प्रतिज्ञाअनुसार पेन्टेकोष्टको दिनमा पवित्र आत्मालाई पठाउनुभयो । पेन्टेकोष्टको चाड यहूदीहरूको एक पर्व थियो । पेन्टेकोष्टको अर्थ ५० औं दिन हो । निस्तार -चाड्को पचास दिनपछि यस पेन्टेकोष्टको चाड् मनाइन्थ्यो । वर्षैपिच्छे तयस दिनमा यहूदीहरूले परमप्रभु परमेश्वरको निम्ति फसलको पहिलो-फल चढ़ाउने गर्थे । प्रभु येशूको क्रूसको बलिदानमा निस्तारको बलिको अर्थ पूरा भयो । उहाँ हाम्रा निस्तार - बलि हुनुहुन्छ । प्रभु येशूको निम्ति फसलको पहिलो-फल उहाँले आफ्नो रगतले किन्नुभएका उहाँका चेलाहरू थिए । उहाँले क्रूसमा सहनुभएका दुःखहरूको पहिलो-फल उनीहरू नै थिए । यसैले त्यहि दिनमा उहाँले आफ्ना चेलाहरूमाथि पवित्र आत्मा पठाउनुभयो । पवित्र आत्माद्वारा उनीहरूलाई ग्रहणयोग्य पारेर प्रभु येशूले पेन्टेकोष्टको दिनमा उनीहरूलाई पिता परमेश्वरको निम्ति चढ़ाउनुभयो । उनीहरू पहिलो-फल, र उनीहरूपछि हामीचाहिँ प्रभु येशूको सम्पूर्ण मण्डली उहाँको फसल हौं, जो उहाँले आफ्नो समयमा बचाएर उहाँको राज्यभित्र बटुल्नुहुन्छ ।

१) पवित्र आत्मा प्रभु येशूका चेलाहरूमाथि खन्याउँदा केही कुरा सुन्न र देख्न सकिन्थ्यो, जस्तै हुरूरूरू आवाज निकाल्ने स्वर्गबाट चलेको बतास र चिरा परेका जिब्राहरूका रूपमा उनीहरूकहाँ देखा परेको आगो । यी चिन्हहरू विश्वास नगर्ने यहूदीहरूको निम्ति थिए, जो यी चिन्हले गर्दा प्रभुका चेलाहरू बसेको घरको वरिपरि जम्मा भए । पवित्र आत्माको खा किाम मानिसहरूको हृदयभित्र हुन्छ र मानिसका आँखाले देख्न सकिँदैन । तर जसरी हावा बहेको चाल पाइन्छ, पवित्र आत्मा मनमा आउनुभएको पनि स्पष्ट गरी थाहा लाग्छ; किनभने उहाँले वास गर्नुभएको मनमा शान्ति दिनुहुन्छ । जसरी

# प्रभु येशू ख्रीष्टले मेरो निम्ति के गर्न सक्नुहुन्छ ?

आगोको ताप सजिलैसित थाहा गरिन्छ, त्यस्तै पवित्र आत्मा पाएको कुरा सफासँग अनुभव गरिन्छ; किनकि पवित्र आतमाद्वारा परमेश्वरको प्रेम हाम्रो हृदयभित्र खन्याएको छ । पवित्र आत्मा हामीभित्र वास गरेको दिनदेखि हाम्रो शरीर परमेश्वरको मन्दिर बन्यो । पवित्र आत्माले पवित्र जीवन जिउन, अरूलाई प्रेम गर्न र असल कामहरू गर्नमा हामीलाई प्रेरणा र सहायता दिनुहुन्छ । (प्रेरित २ : १-४)

क) उनीहरूले कस्तो आवाज सुने ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) उनीहरूकहाँ कुन कुरा देखा पऱ्यो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ग) उनीहरू सबैले कस्तो आशिष पाए ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

घ) उनीहरूले के गर्न थाले ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

२) पेन्टेकोष्टको चाड़ मनाउनको निम्ति थुप्रै ठाउँहरूबाट आएका मानिसहरूले यरूशलेम शहर भरिभराउ भएको थियो । बिहान नौ बजेतिर तिनीहरूले हुरूरूरू बतास बगेको आवाज सुने र छक्क परे ।यो आवाज कहाँबाट आउको हो भनी चाल पाउन तिनीहरू त्यही ठाउँमा आइपुगे, जहाँ प्रभुको चेलाहरू भेला भएका थिए । एक ठूलो भीड़ भेला भयो । (प्रेरित २:५-११)

त्यस बेला त्यहाँ जम्मा भएका मानिसहरूले के सुने ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

३) क) अचम्म मानेर सबै मानिसहरूले आपसमा के भने ? (प्रेरित २:१२-१८) (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) कतिले खिसी गरेर के भने ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ग) पत्रुसले ती मानिसहरूलाई जवाफमा के भने ? यी मानिसहरू मात्तेका होइनन्, तर यस घटनाको खास कारण के थियो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

४) प्रभु येशूको नाम पुकार्नेहरूलाई कुन प्रतिज्ञा गरिएको छ ? (प्रेरित २:२१) (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

## ग - पेन्टेकोष्टको दिनमा पत्रुसको उपदेश

प्रभु येशूलाई क्रूसमा चढ़ाएर मारेको पचास दिन अर्थात् सात हप्ता बितिसकेको थियो । प्रभु येशूको चिहन रित्तै भएको हल्ला पनि सुनिएको थियो । कति मानिसहरूले प्रभुको लाश चोरियो भन्ने झूटो खवर फैलाए । प्रभुका चेलाहरूबाट कतिले प्रभु येशू जीवित हुनुभएको कुरा सुने । प्रभु येशू फेरि जिउँदो हुनुभएपछि चालीस दिनसम्म आफ्ना चेलाहरूकहाँ देखा पर्नुभयो । तर उनीहरूकहाँ बाहेक उहाँ अरू कसैकहाँ देखा पर्नुभएन । पेन्टेकोष्टको दिनमा एक अचम्मको घटना घट्यो । पत्रुसको प्रवचनद्वारा टाढ़ा र नजिक का सबै मानिसहरूले प्रभु येशूको मृत्युको खास कारण बुझ्न पाए ।

१) प्रभु येशूको मृत्युको बारेमा पत्रुसले तिनीहरूलाई कस्तो दोष लगाए ? (प्रेरित २:२३) (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

# प्रभु येशू ख्रीष्टले मेरो निम्ति के गर्न सक्नुहुन्छ ?

२) प्रभुको प्रेरित पत्रुसले ती मानिसहरूलाई ख्रीष्ट येशूको बौरिउठाइको तीनवटा प्रमाण दिए । (प्रेरित २:२३-३३)

क) भविष्यवाणीको साक्षी - राजा दाउदले अघिबाटै के देखेका थिए ? (प्रेरित २:३१) (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) प्रेरितहरूको आफ्नो गवाही-प्रभुका सबै प्रेरितहरू कुन कुराको सत्य गवाही दिए ? (प्रेरित २:३२)(कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ग) पवित्र आत्माको साक्षी - यी मानिसहरूले देख्न र सुन्न पाएका कुराको विषयमा पत्रुसले के भने ? (प्रेरित २:३३) ( कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

३) केही हप्ता अगाड़ि डरले गर्दा यही पत्रुसले आफ्ना प्रभुलाई इन्कार गरेका कुरा तपईंलाई याद छ होला । पवित्र आत्माको शक्ति पाएर तिनी साहसी भए र तिनको प्रवचन सुन्ने भीड़ले प्रभु येशूलाई मार्ने दोष लगाए, साथै परमेश्वरले क्रूसमा टाँगिनुभएको त्यही येशूलाई बौराउनुभएको र उहाँलाई प्रभु तुल्याउनुभएको कुरा सुनाए । (प्रेरित २:३४-३६)

क) राजा दाऊदले कुनै प्रभुको विषयमा, उहाँ परमेश्वरको दाहिनेतिर बस्नुभएको भविष्यवाणी गरे । उनले यो कुरा कसको विषयमा भने ? (ठीक जवाफमुनि धर्का तान्नुहोस् ।)

आफ्नै विषयमा/येशूको विषयमा/अरू कुनै भविष्यवक्ताको विषयमा

ख) यहूदीहरूले प्रभु येशूलाई के गरेका थिए ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ग) परामेश्वरले उहाँलाई कुन पदमा उच्च पार्नुभयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

४) प्रभुको प्रेरित पत्रुसले पवित्र आत्माको शक्ति पाएर प्रभु येशूको बारेमा गवाही दिए । (प्रेरित २ः३७)

क) तिनको प्रवचन सुन्नेहरूको हृदयमा यी वचनहरूले कुन काम गरे ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) तिनीहरूले पत्रुसलाई के प्रश्न सोधे ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

५) येशू ख्रीष्टले विश्वास गर्नेहरूलाई दुईटा ठूला दान दिनुहुन्छ - पापको क्षमा र पवित्र आत्मा । यी दुईटा दान पाउने दुईटा शर्त पनि छन् । पहिले पश्चात्ताप गर्नुपर्छ । यसर्थ हामीले पापदेखि आफ्नो मन परमेश्वरतिर फर्काएर आफूलाई उहाँको निगाह दिने हातमा सुम्पनुपर्छ । पश्चात्तापको साथमा हामीले विश्वास पनि गर्नुपर्छ । मलाई प्रेम गरेर प्रभु येशू मेरा निम्ति क्रूसमा मर्नुभयो र उहाँको अमूल्य, निर्दोष रगत बगाएर मेरा सबै पापहरूको ऋण तिरिदिनुभयो भन्ने कुरा बुझेको हुनुपर्छ । येशूको नाममा मुक्ति छ भन्ने कुराको बारेमा आफ्नो मनमा हामी निश्चित हुनुपर्छ, साथै परमेश्वरले प्रभु येशूलाई बौराएर उहाँलाई आफ्नो दाहिने हाततर्फ प्रभु र मुक्तिदाताको रूपमा बस्न दिनुभयो भन्ने कुरामा पूरा भरोसा राखेर जिउँदो प्रभु येशूको नाम पुकारेर आफ्ना पापको क्षमा माग्नुपर्छ । पत्रुसको प्रवचन सुनेर प्रभु येशूमाथि विश्वास गर्नेहरू सबै पानीको बप्तिस्मा लिएर आफ्ना पापदेखिको पश्चात्ताप र प्रभुमाथि विश्वासको गवाही दिए ।

# प्रभु येशू ख्रीष्टले मेरो निम्ति के गर्न सक्नुहुन्छ ?

पापको क्षमा र पवित्र आत्माको दान पाउनको निम्ति हामीले के गर्नुपर्छ ? (प्रेरित २: ३८-३९) (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

६) प्रभु येशूमाथि भर्खरै विश्वास गरेकाहरू आत्मिक हिसाबले नयाँ जन्मेका बालकहरूजस्तै थिए । तिनीहरूलाई शिक्षा, संगति र देखरेखको खाँचो थियो । विश्वास र प्रेममा बढ्नको निम्ति तिनीहरूलाई प्रेरितहरूको शिक्षा चाहिएको थियो । तिनीहरूलायृ सबै कुराको निम्ति परमेश्वरमाथि भरोसा गर्न र खुशीसाथ उहाँका सेवा गर्न सिक्नुथियो । (प्रेरित २ : ४० - ४२)

क) पेन्टेकोष्टको दिनमा कतिजना प्रभुको मण्डलीमा थपिए ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) कुन-कुन कुरामा तिनीहरू लागिरहे ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

अ)

आ)

इ)

ई)

७) प्रेरित २ : ३८ पद कण्ठस्थ गर्नुहोस् । त्यसपछि तपाईंले यो पद जस्तो सम्झनुहुन्छ, त्यस्तै तल टाइप गर्नुहोस् ।

यहाँ हामी तपाईंलाई तपाईंको आतिमक जीवनको बारेमा केही प्रश्न गर्छौं । कुनै अफठ्यारो नमानी उत्तर दिनुहोला । धन्यबाद !

क) के तपाईंले प्रभु येशूमाथि विश्वास गर्नुभएको छ ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) के तपाईंले अरू ख्रीष्टका विश्वासीहरूसित भेट गर्नुभएको छ ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ग) भेट गर्नुभएको छैन भने के तपाईं अरू विश्वासीहरूसित परिचय पाउन चाहनुहुन्छ ?(कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

# पाठ ७

## सामरीहरू र एक हब्शीको विश्वास

साँचो गरी प्रभु येशूमाथि विश्वास गरेमा मात्र मुक्ति पाइन्छ भन्ने कुरा हामी यस पाठबाट सिक्नेछौं । प्रभु येशू सत्य हुनुहुन्छ र कुनै समयमा यस संसारमा जिउनुभयो भनी विश्वास गरे पनि हाम्रो विश्वास परमेश्वरको वचनअनुसार साँचो नहुन सक्छ । बप्तिष्मा लिए तापनि हाम्रो विश्वास मानिसहरूको अगाड़ि अर्थात् देखावटी विश्वास मात्र हुन सक्छ । साँचो विश्वासले हामीलाई पापबाट अलग राख्छ । साँचो विश्वासले हामीलाई परमेश्वरको डर मान्न सिकाउँछ; साथै परमैश्वरको भक्ति गर्न र एक पवित्र परमश्वरलाई मनपर्दो जीवन जिउन हौसला दिन्छ ।

# प्रभु येशू ख्रीष्टले मेरो निम्ति के गर्न सक्नुहुन्छ ?

## क - सामरी शिमोन      प्रेरिति ८ : ४ -२५

पेन्टेकोष्टको दिनमा विश्वास गर्ने सबै यहूदीहरू थिए । तर यरूशलेममा सतापट बढ़ेको हुनाले त्यहाँबाट ख्रीष्टका विश्वासीहरू तितर-बितर भए । तिनीहरूमध्ये कतिजना सामरियामा पुगे र त्यहाँका मानिसहरूलाई प्रभु येशूको सुमाचार सुनाए । सामरीहरू एक मिसिएको जाति थिए, किनभने बेबीलोनको राजा नबुकदनेसरले विभिन्न देश र जातिका मानिसहरूलाइ त्यहाँ बसोबास गर्न लगाए । यहूदीहरूले सामरीहरूलाई तुच्छ ठान्थे; किनभने उनीहरूले यहूदीहरूलेझैं परमेश्वरलाई चिन्दैनथे । तरपनि यहूदीहरूको प्रभावले गर्दा उनीहरूमध्ये सृष्टिकर्ता परमेश्वरको डर मान्थे ।

१) परमेश्वरको विरोधमा जानु ठूलो मूर्खता हो । यहूदीहरूले प्रभु येशूबका विश्वासीहरूलाई खेदो गरेका र सतावट दिएको प्रतिफल के थियो ? येशूको सुसमाचार झने धेरै ठाउँहरूमा फैलिएर गयो ।

क) सतावटमा परेर तितर-बितर भएकाहरूले के गरे ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) सामरियाको फिलिपले के गरे ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

२) परमेश्वरले फिलिपद्वारा धेरै अचम्मका कामहरू गर्नुभयो । ती आश्चर्य काम सामरीहरूको निम्ति प्रभु येशूको सुसमाचार सत्य रहेछ भन्ने प्रमाण दिए ।

क) अशुद्ध आत्मा लागेकाहरूमा के भयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) पक्षघात भएकाहरू र लङ्गडाहरूलाइ के भयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ग) यसले गर्दा त्यस शहरमा के भयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

३) फिलिपचाहिँ परमेश्वरका सच्चा सेवक थिए । तिनले प्रभु येशूको प्रचार गरे र उहाँलाई आफ्नो जीवन्‌ सेवाकाइमा महिमा दिए । तिनले आफ्नो महिमा खोजेनन् । तर जादुगर शिमोन कति भिन्न किसिमको मानिस थियो । त्यसले आफ्नै मान र फाइदाको निम्ति जादू र टुनामुना गर्थ्यो ।

क) शिमोनले आफूलाई के तुल्याइराखेको थियो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) सामरीहरूले उसलाई के भनेर मान्थे ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

४) बप्तिस्मा एक धार्मिक विधि हो, जसद्वारा प्रभु येशूमाथि विश्वास गर्ने व्यक्तिले आफ्नो विश्वास प्रकट गर्छ । यही विधिद्वारा नयाँ विश्वासी प्रभुका जनहरूको संगतिमा ग्रहण गरिन्छ । यस पाठको दोस्रो भागमा (प्रेरित ८ : ३७ - ३८)

# प्रभु येशू ख्रीष्टले मेरो निम्ति के गर्न सक्नुहुन्छ ?

हामीले एथियोपियाको नपुंसकको बारेमा यो कुरा विस्तृत रूपले अध्ययन गर्नेछौं । हामी यहा यती भन्छौं : बप्तिस्मा लिने व्यक्तिको विश्वास हृदयबाट नै हुनुपर्छ ।

क) फिलिपले के प्रचार गरे ? (प्रेरित ८ : १२) (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) तब विश्वास गर्नेहरूले कुन विधि पालन गरे ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

५) फिलिपको प्रचारद्वार धेरै सामरीहरूले पापदेखि पश्चात्ताप गरे । उनीहरूको विश्वास साँचो विश्वास थियो । तर शिमोनकाचाहिँ साँचो विश्वास थिएन । उसले प्रभु येशू सत्य हुनुहुन्छ भनी विश्वास गरेर पनि पापदेखि पश्चात्ताप गरेन ।

क) अरूले विश्वास गरेको देखेर जादूगर शिमोनले के-के गरे ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

अ)

आ)

इ)

ख) कुन कुराले शिमोनलाई सबभन्दा धेरै प्रभावित पाऱ्यो ? (ठीक जवाफमुनि धर्का तान्नुहोस् ।)

उसले सुनेको प्रभुको सुसमाचारले वा उसले देखेका अचम्मका कामहरूले

६) प्रेरितहरूले कुनै जादूको शक्तिद्वारा अरूलार्य पवित्र आत्माको दान दिन सकेनन् । किनभने परमेश्वरले कुनै मानिसलायृ पवित्र आत्मा बाँड्ने अधिकार दिनुहुन्न । पवित्र परमेश्वरले मात्र पवित्र आत्मा दिन सक्नुहुन्छ । प्रभु येशूमाथि विश्वास राख्नाले पापदेखि अलग बसेर परमश्वरका आज्ञाहरू पालन गर्न चाहनेहरूलाई उहाँले पवित्र आतमा दिनुहुन्छ । (प्रेरित ८ : १४-२५)

क) प्रभुका प्रेरित पत्रुस र यूहन्नाले सामरीयामा आएर के गरे ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) जादूगर शिमोनलु प्रेरितहरूलाई दिन खोजेको पैसा र तिनीहरूलाई चढ़ाएको विन्तीबाट उसको दुष्ट हृदय प्रकट भयो । उसले तिनीहरूलाई के दिन खोज्यो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) ृसले चढ़ाएको विन्ती के थियो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

७) जादूगर शिमोनले प्रभुको नाममा बप्तिस्मा लिएको हामी पढ्छौं । तर उसले न मुक्ति न पवित्र आत्मालाई पाएको थियो । उसको विश्वास खाली उसले देखेका आश्चर्य-कामहरूमा आधारित थियो । किनकि हृदयभित्र साँचो विश्वास सधैं पश्चात्तापको साथसाथ हुन्छ । शिमोनले आफ्ना पापदेखि कहिल्यै पश्चात्ताप गरेका थिए ।

क) प्रेरित पत्रुसले शिमोनलाई उसको हृदयको अवस्थाको बारेमा के भने ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) साँचो गरी पापको क्षमा पाउनको निम्ति पत्रुसले उसलाई के-के गर्ने सल्लाह दिए ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

अ)

आ)

# प्रभु येशू ख्रीष्टले मेरो निम्ति के गर्न सक्नुहुन्छ ?

८) पत्रुसको प्रार्थनामा ठूलो शक्ति छ भनी शिमोनले विश्वास गऱ्यो । तर आफ्ना पापदेखि पश्चात्ताप गर्न उसको विश्वास पुगेन । उसले पापको दण्डबाट उम्कन चाह्यो, तर पाप छोड्न इच्छा गरेन । त्यस्तो विश्वास साँचो विश्वास हुँदै होइन । त्यस्तो मानिसले मुक्ति पाउँदैन र पवित्र आत्माको दान पनि पाउँदैन ।

क) पत्रुसले शिमोनको वास्तविक आत्मिक अवस्था कस्तो देखे ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) यो सुनेर शिमोनले प्रेरितहरूलाई कुन विन्ती गऱ्यो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ग) अन्तमा उसले कुन कुरा पाउने इच्छा गऱ्यो ? (ठीक जवाफमुनि धर्का तानुहोस् ।)
अ) पापको दण्डबाट उम्कन पाओस् वा
आ) परमेश्वरबाट पापको क्षमा पाओस् वा
इ) पवित्र आत्माको दान पाओस्

## ख - एक हब्शी अर्थात् खजान्ची नपुंसक    प्रेरित ८ : २६-४०

यहूदीहरूको नजिकैमा बस्ने सामरीहरूमा प्रभु येशूको सुमाचार कसरी फैलियो, सो कुरा हामीले हेरिसक्यौं । अब परमेश्वरले फिलिपको सेवाकाइद्वारा अफ्रिका महादेशको एथियोपिया नामक देशको बासिन्दालाई प्रभुको सुमाचार सुनाउनुहुन्छ भन्ने कुरा थाहा गर्छौं । यी मानिस हब्शी भए पनि एथियोपियाकी रानीको निम्ति ठूलो अख्तियार चलाउँथे । जादूगर शिमोनसित तुलना गर्दा यिनको विश्वास सत्य र परमेश्वरको वचनअनुसार बिल्कुल ठीक थियो ।

१) सामरीयाका मानिसहरूको बीचमा गरेको सेवापछि परमेश्वरले फिलिपलाई अर्को कामको निम्ति प्रयोग गर्नुभयो । फिलिप परमेश्वरको आज्ञाकारी सेवक भइ आफ्नै खुशी नगर्ने, तर प्रभुको अगुवाईमा हिँड्ने मानिस थिए । यसैले तिनी सामरीयामा रहेनन्, तर परमेश्वरको आदेश पाई त्यहाँबाट हिँडे ।

क) प्रभुका दूतले फिलिपलाई के गर्ने आज्ञा दिए ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) तिनी जानुपर्ने ठाउँ कस्तो थियो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) फिलिपले के गरे ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

२) पुरानो समयमा नपुंसकहरू राजाको दरबारमा काम गर्ने नोकरहरू हुन्थे । कहिलेकाहिं तिनीहरूमा कसैले ठूला जिम्मेवारी पनि पाउँथ्यो । एथियोपियाबाट आएको नपुंसकको काम र जिम्मेवारी के कस्तो थियो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)
अ)
आ)

३) साँचो मनले एकमात्र सत्य परमेश्वरलाई खोज्नेहरूले उहाँलाई अवश्य भेट्टाउँछन् । यी उच्च पदाधीकारी यति टाढ़ाबाट अर्थात् अफ्रिका एउटा देशबाट इस्राएलको राजधानी यरूशलेममा किन आए ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

# प्रभु येशू ख्रीष्टले मेरो निम्ति के गर्न सक्नुहुन्छ ?

४) यहूदीहरूसँग मात्र पुरानो नियमका शास्त्रहरू थिए । यरूशलेममा आई यी नपुंसकले भविष्यवक्ताको एउटा पुस्तक प्राप्त गर्न सके, जसमा तिनले निक्कै चासो लिएका थिए । आफ्नो देशमा फर्कदा तिनले बाटोमा आफ्नो रथमा बसी यही पुस्तक पढ़िरहेका थिए । यस अवस्थामा फिलिपले तिनलाई भेट्टाए । तिनले पढ्ने पुस्तक यशैयाको पुस्तक रहेछ । यस पुस्तकमा तिनले पढ़ेको खण्ड प्रभु येशूको मृत्युको भविष्यवाणी रहेछ । यी मुक्तिदाताले सहनुपर्ने दु:ख, अपराधीहरूको बदलीमा भोग्नुपर्ने मृत्यु र मृत्युमाथिको विजयको बारेमा पढ्दा खेरी यी नपुंसकले कुरा स्पष्ट गरी बुझ्न सकेनन् । तब फिलिप आई तिनलाई यस खण्डको अर्थ बुझाइदिए ।

क) परमेश्वरका आत्माले फिलिपलाई के गर्ने आदेश दिनुभयो ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) ती उच्च पदाधीकारीले के पढ़िरहेको फिलिपले सुने ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ग) फिलिपले तिनलाई के प्रश्न गरे ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

घ) ती नपुंसकले फिलिपलाई के विन्ती गरे ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

५) ती अख्तियारवाला नपुंसकले प्रभु येशूको विषयमा, उहाँ कसरी पापहरूको लागि दु:ख भोग्नुहुनेछ भन्ने यशैयाको भविष्यवाणी पढ्दै थिए ।

क) यस सम्बन्धमा ती नपुंसकले फिलिपलाई के प्रश्न सोधे ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) यस पवित्र शास्त्रको खण्डबट शुरू गरेर फिलिपले तिनलाई के कुरा बताइदिए ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

६) फिलिपले प्रभु येशूको मुक्ति दिने महान् कार्यको बारेमा बताएपछि ती उच्च पदाधीकारीको निम्त कुरा स्पष्ट भयो । पापीहरूलाई बचाउने एउटै उपाय मात्र छ । पापीहरूका पाप मेटाउनको निम्ति प्रभु येशू निर्दोष बलि भई क्रूसमा मर्नुभयो । प्रभु येशू मरेकाहरूबाट फेरि जिउँदो भइ उठ्नुभएको र परमेश्वरको दाहिने हातपट्टि पूरा अधिकारसित बस्नुभएको हो । यसैले उहाँको नाममा मुक्ति छ । त्यही घड़ी तिनले प्रभु येशूमाथि विश्वास गरे र प्रभुको नाममा बप्तिस्मा लिन चाहे ।

जब ती नपुंसकले भने :'हेर्नुहोस्, यहाँ पानी रहेछ, मलाई बप्तिष्मा लिन केले रोक्छ ?' तब फिलिपले तिनलाई के जवाफ दिए ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

पद ३७ मा ध्यान दिन खाँचो छ; किनभने त्यहाँ नेपाली बाइबलबाट केही महत्वपूर्ण शब्द छुटिएका छन् । त्यहाँ यसो लेखिएको छ : अनि तिनले जवाफ दिएर भने : “म विश्वास गर्दछु, येशू ख्रीष्ट परमेश्वरका पुत्र हुनुहुन्छ ।”मुक्ति पाउनलाई हृदयदेखिको विश्वास र मुखको स्वीकार हुनुपर्छ । यसमा जादूगर शिमोन र यी नपुंसकको विश्वास फरक थियो ।

७) बप्तिस्माको पानीमा पापी मानिसको हृदय शुद्ध पार्ने कुनै शक्ति छैन । प्रभु येशूमाथि राखिएको विश्वासले मानिसलाइ बचाउँछ । हामीले बप्तिस्मा लिँदा प्भु येशूको आज्ञापालन गर्छौं र यसैले परमेश्वरबाट आशिष पाउँछौं ।

# प्रभु येशू ख्रीष्टले मेरो निम्ति के गर्न सक्नुहुन्छ ?

क) ती उच्च पदाधीकारीले के आदेश दिए ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) तिनी र फिलिप कहाँ ओर्ले ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

ख) तब फिलिपले के गरे ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

८) ती मानिसहरू धन्ययका होऊन्, जसले प्रभु येशूमाथि विश्वास गरेर सधैं उहाँका आज्ञाहरू पालन गर्छन् । यस्ता मानिसहरूसित प्रभु येशूको उपस्थिति रहन्छ । तब यी उच्च पदाधीकारी र फिलिपको बाटो छुट्टियो, बिनभने परमप्रभुका आत्माले फिलिपलाई उठाएर लानुभयो । यस्तो भएपनि नपुंसक खुशीसित आफ्नो बाटो लागे । तिनीसँग विश्वास र ज्ञान बढ़ाउने पवित्र शास्त्रको पुस्तक थियो, साथै पवित्र आत्मा आफै तिनका शिक्षक र अगुवा हुनुभयो ।

क) कुन कुरा साँचो हो ? (ठीक जवाफमुनि धर्का तान्नुहोस् ।)
अ) तिनी रमाई-रमाईकन आफ्नो बाटो लागे वा
आ) तिनी अफसोस मान्दै आफ्नो बाटो लागे

ख) फिलिपले के गरे ? (ठीक जवाफमुनि धर्का तान्नुहोस् ।)
अ) फिलिल ती नपुंसकसित गए वा
आ) फिलिप अरू ठाउँहरूमा सुसमाचार प्रचार गर्दै हिँड़े

९) २ कोरिन्थी ५ : १७ पद कण्ठस्थ गर्नुहोस् । त्यसपछि तपाईंले यो पद जस्तो सक्नुहुन्छ, त्यस्तै यहाँ तल टाइप गर्नुहोस् ।

## मुख्य प्रश्नहरू :

१) जादूगर शिमोनको विश्वास र ती उच्च पदाधीकारीको विश्वासमा तपाईंले के भिन्नता पाउनुहुन्छ ? आफ्ना शब्दमा लेख्नुहोस् ।

२) पवित्र शास्त्रअनुसार कसले बप्तिस्मा लिन पाउँदछ ? (कृपया आफ्नो जवाफ तल टाईप गर्नुहोला ।)

प्रेरित ८ :३७ - ३८ मा एथियोपियाका नपुंसकलाई फिलिपले के भने, त्यो फेरि एकपल्ट पढ़ौं । किनभने यस खण्डमा हामीले बप्तिस्मा लिने ठीक किसिमको उदाहरण पाउँछौं ।

'फिलिपले भने : "यदि तपाईंले सम्पूर्ण हृदयले नै विश्वास गर्नुहुन्छ भने तपाइंले लिन सक्नुहुन्छ ।" अनि तिनले जवाफ दिएर भने : "म विश्वास गर्दछु, येशू ख्रीष्ट परमेश्वरका पुध हुनुहुन्छ ।" तब तिनले रथ रोक्ने आज्ञा दिए; अनि फिलिप र ती नपुंसक दुबै पानीभित्र पसे र उनले तिनलाई बप्तिस्मा दिए ।'